# चुलाचुली गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
**चुलाचुली ईलाम**
**१ नं प्रदेश , नेपाल**

## औषधि खरिद सम्बन्धी दरभाउपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति :२०७५।०९।२५ गते)

१ . यस गाउँपालिकाका लागि आवश्यक पर्ने औषधि आपूर्ति गर्न ईच्छुक ईजाजतपत्र प्राप्त फर्म /कम्पनी /संस्था ले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रीतपूर्वकको दरभाउपत्र पेश गर्नहुन यो सूचना प्रकाशित गरिएको छ ।

२.यो सूचना प्रकाशित भएको **मितिले १५ दिन सम्म** दरभाउपत्र फारम यस कार्यालयमा सम्बन्धित आपूर्तिकर्ता वा अधिकार प्राप्त प्रतिनिधिले नविकरण गरिएको व्यवसाय दर्ता ईजाजतको प्रमाणित प्रतिलिपी , मूल्य अभिबृद्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपी , आ.व. २०७४।०७५ सम्मको कर चुक्ताको पत्रको प्रमाणित प्रतिलिपी , नियमानुसारको दरभाउपत्र फारम दस्तुर रु १००० ।- पछि फिर्ता नहुने गरी निवेदनका साथ यस कार्यालयबाट खरिद गर्नुपर्ने छ ।

३. खरिद गरिएको दरभाउ पत्र फारमहरुको महलहरु स्पस्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकासित भएको **मितिले १६ औं दिनको १२:०० बजे** भित्र यस कार्यालयमा उपस्थित भई सीलबन्दी दरभाउपत्र दर्ता गराउन सकिने छ ।

४. दरभउपत्र साथ जमानतबापतको रकम यस गाउँपालिका कार्यालयको नाममा **एन.एम.बी. बैकं चुलाचुली शाखाको धरौटी खाता नम्बर १०३०९१००६०७४४२००००००३** मा दाखिला गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा जारी भएको **कम्तिमा ९० दिन म्याद भएको ( दरभाउ पत्र बुझाउने अन्तिम मिति देखि** ) नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकंबाट जारी भएको बिडबण्ड संलग्न गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत बापतको भौचर रसिद र बिडबण्ड यो सूचना प्रकासित भएको मिति पछिकोलाई मान्यता दिईने छ ।

५. दर्ताहुन आएको सिलबन्दी दरभाउ फारमहरु यस कार्यालयमा दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको **रोहबरमा १६ औं दिनको २:०० बजे खोलिने छ** तर निजहरुको अनुपस्थितिमा पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।फारम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्बजनिक बिदा पर्ने भएमा उक्त कार्याहरु बिदाको पछिको कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

६. प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रीत नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कार्वाही गरिने छैन ।दरभाउ पत्रमा प्रत्येक Item भ्याट बाहेकको अङ्क र अक्षरमा बुझिने गरी भर्नु पर्नेछ । अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

७.दरभाउ पत्र सम्बन्धि अन्य शर्तहरु फारममा उल्लेख गरेबमोजिम हुने छन् ।

८. अन्य कार्यबिधिहरु सार्वजनिक खरिद ऐन २०६३ , सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम हुनेछ ।

९. दरभाउपत्र सम्बन्धि थप जानकारीका लागि गाउँपालिका कार्यलय तथा जिन्सी शाखा फोन नं ९८४२२४३८३० मा सम्पर्क गर्न सकिने छ ।

| **क.सं.** | **सामानको नाम** | **बिनियोजित बजेट** | **दरभाउ फारम दस्तुर** | **जमानत रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १. | निशुल्क औषधि खरिद | रु ६,००,०००।- | रु १०००।- | कबोल अङ्कको ३ % | |

(प्रमुख प्रशासकीय अधिकृत)
चुलाचुली गाउँपालिका , ईलाम